# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

प.सं./Ref.No.: ०७८/०७९ फोन नं. ०६५-५७२४३६
च.नं./Des.No. १५८८ Email:info@bhimadmun.gov.np


मितिः २०७९-०२-२६

विषयः योजना छनोट गरी पठाईदिनु हुन ।

श्री वडा कार्यलयहरु सबै ।

प्रस्तुत विषयमा आगामि आ.ब २०७९/८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत बेरोजगार ब्यक्तिहरुलाई कामका लागि पारिश्रमिकमा आधारित रोजगार आयोजना संचालन तथा ब्यवस्थापन कार्यविधि २०७६ अनुसार यस भिमाद नगरपालिकामा सुचिकृत बेरोजगार ब्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारि दिने उदेश्यले कार्यक्रम संचालन गर्नको लागि आवश्यक आयोजनाहरु नगर सभाबाट पारित गर्नु पर्ने भएकाले संबन्धित वडा कार्यलयहरुले दिगो प्रतिफल दिने अति आवश्यक सामाजिक पुर्वधार निर्माण तथा मर्मत संभार साथै रोजगारि सिर्जना हुने खालका आयोजनाहरु छनोट गरी रोजगार सेवा केन्द्र भिमादमा उपलब्ध गराईदिनुहुन अनुरोध छ। यस कार्यक्रम अन्तर्गत संघिय सशर्त अनुदान प्राप्त सम्पुर्ण रकम श्रमिकको ज्यालामा मात्र खर्च गर्नु पर्ने भएकाले आयोजना संचालन गर्दा निर्माण सामाग्रि आवश्यक पर्ने अवस्था रहेमा उक्त निर्माण सामाग्री संबन्धित वडा, टोल बिकास संस्था, उपभोक्ता वा अन्य स्तर बाट साझेदारी गर्नु पर्ने छ। आयोजना छनोट गर्ने क्षेत्रहरु र आयोजनाको प्रकृति अनुसारको मुल्याङ्कन गर्ने आधार यसै पत्र साथ संलग्न गरि पठाइको ब्यहोरा समेत अनुरोध छ।

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना तथा प्रबिधि शाखाः website मा upload गरिदिनु होला।

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने ।

(२) उपदफा (१) बमोजिम सामुदायिक आयोजना छनौट गर्दा देहायका क्षेत्र भित्र मात्र पर्ने गरी छनौट गर्नु पर्नेछः-

(क) सडक निर्माण तथा मर्मत सम्भार

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी

- खानेपानी आयोजनाको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाइ

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारको निर्माण तथा सो को मर्मत सम्भार

(ङ) शिक्षा

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

(३) उपदफा (२) बमोजिमको श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरी आयोजना बैंक (प्रोजेक्ट बैङ्क) तयार गर्नु पर्नेछ र यसरी स्वीकृत भई आयोजना बैंकमा रहेका आयोजनाहरुबाट प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णयानुसार आयोजना सञ्चालन गर्नुपर्नेछ ।

तर कार्यक्रमबाट प्राप्त भएको बजेटलाई स्थानीय तहको वडाको संख्याका आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यान्वयनका लागि प्राथमिकताक्रम निर्धारण गर्न पाइने छैन ।

(४) समान उद्देश्य प्राप्तिका लागि अन्य सरकारी निकाय वा गैर सरकारी वा समुदायमा आधारित संस्थाबाट आयोजना सञ्चालन हुने अवस्थामा आयोजनामा दोहोरो नपर्ने गरी लागत साझेदारीको अंश स्पष्ट खुलाइ सहकार्य गर्नु पर्नेछ ।

५. <u>रोजगारीमा खटाउन आयोजनाको प्राथमिकिकरण</u>:(१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध हुने गरी दफा ४ बमोजिमका आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथिमिकिकरण गर्दा साझेदारीमा सञ्चालन हुने दफा ३ को खण्ड (ग) का आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचीको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमशः तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनु पर्नेछ ।

## अनुसूची - २

### (दफा ८ को (घ) सँग सम्बन्धित)

आयोजनाको प्रकृति अनुसार मूल्याङ्कन गर्ने प्रयोजनका लागि

| क्र.सं. | आयोजना | अङ्क |
|---|---|---|
| १ | स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण | १० |
| २ | स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार | ९ |
| ३ | राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण | ७ |
| ४ | राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको मर्मत | ६ |
| ५ | सिंचाईका लागि कुलो तथा पैनीको निर्माण | १० |
| ६ | सिंचाईका लागि कुलो तथा पैनीको मर्मत सम्भार | ८ |
| ७ | पोखरी तथा पानीको मुल संरक्षण एवं मर्मत सम्भार | ७ |
| ८ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डार निर्माण तथा मर्मत सम्भार | ८ |
| ९ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको विक्री वितरणका लागि आवश्यक पर्ने शीत भण्डार निर्माण तथा मर्मत | ७ |
| १० | हाट बजार तथा तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत | ६ |
| ११ | खानेपानी आयोजनाहरुको निर्माण तथा विस्तार | १० |
| १२ | खानेपानी आयोजनाहरुको मर्मत | ८ |
| १३ | स्वास्थ्य चौकी तथा प्रसुति गृहको निर्माण तथा मर्मत | १० |
| १४ | सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार | ८ |
| १५ | फोहोर व्यवस्थापन पूर्वाधारको निर्माण तथा मर्मत सम्भार | ८ |
| १६ | विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय निर्माण | १० |
| १७ | विद्यालयको खेल मैदान निर्माण | ८ |
| १८ | विद्यालयको कम्पाउण्ड निर्माण तथा मर्मत सम्भार | ६ |
| १९ | फलफुलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण | ६ |
| २० | पहिरो तथा नदि नियन्त्रण | १० |
| २१ | साना बाँध निर्माण | १० |
| २२ | पदमार्ग निर्माण | ७ |
| २३ | पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण | ६ |
| २४ | उच्च महत्वका प्रसिद्ध पर्यटकिय स्थलको मर्मत सम्भार तथा संरक्षण | ६ |